Prudential
INSURANCE CO. LTD.
प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लि.
ISO 9001-2015 CERTIFIED ORGANISATION

पत्र संख्या: ०७७/७८- ३९४

मिति: २०७७/०५/३०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
भद्रकाली प्लाजा, सिंहदरवार, काठमाण्डौं ।

विषय: अठारौं वार्षिक साधारण सभाको निर्णय विवरण पठाइएको वारे ।

महोदय,

यस कम्पनीको मिति २०७७ साल भदौं २६ गते सम्पन्न भएको अठारौं वार्षिक साधारण सभाको विवरण तथा निर्णय पुस्तिकाको प्रतिलिपि तथा अठारौं वार्षिक प्रतिवेदन जानकारीको लागि यसै पत्र साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध गर्दछु ।

धन्यवाद ।

भवदीय,

आनन्द बोहरा खड्का
कम्पनी सचिव

संलग्न: उपरोक्त वमोजिम ।

## प्रुडेन्सियल ईन्स्योरेन्स कम्पनी लिमिटेडको
## अठारौं बार्षिक साधारण सभाको विवरण तथा निर्णय पुस्तिका (माइन्युट)

१. **वैधानिक सभा :**
यस प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.ब. २०७५/०७६ को वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७ (१) बमोजिम मिति २०७७ साल भदौं २६ गते शुक्रबार बिहानको ११:०० बजे बस्ने भनी कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सूचना प्रकाशित गरी निम्न लिखित मिति, समय र स्थानमा सम्पन्न भयो । सभाको सूचना, विषय सूची, उपस्थिति, गणपुरक संख्या, वैधानिकता, सभाको सभापतित्व, सभा संचालन तथा संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन प्रस्तुति, छलफलमा सहभागिता, शेयरधनीहरुबाट राखिएका जिज्ञासा, सुझावहरुको सूचिकरण, प्रश्नोत्तर र सभाको निर्णयहरु समेतको काम कारवाहीको देहाय बमोजिम अभिलेख गरियो ।

२. **साधारण सभाको स्थान, मिति र समय:**
स्थान : होटेल ईच्छा सिमरा, बारा ।
मिति : २०७७ साल भदौं २६ गते शुक्रबार तद्नुसार ११ सेप्टेम्वर, २०२० ।
समय : बिहानको ११:०० बजे प्रारम्भ भै अपरान्हको १२:३० बजे सम्पन्न ।

३. **साधारण सभा सम्बन्धी सूचना :**
कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सभा हुने स्थान, मिति र छलफल गर्ने बिषय सूची तथा साधारण सभा सम्बन्धी बिस्तृत विवरण सहितको सूचना राष्ट्रिय दैनिक आर्थिक अभियानमा मिति २०७७/०५/०५ र २०७७/५/२४ मा प्रकाशित गरिएको थियो ।

४. **छलफलका बिषय सूची :**
४.१. **सामान्य प्रस्ताव**
४.१.१ आ. व. २०७५/७६ को संचालक समितिको बार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
४.१.२ लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७५/७६ को नाफा-नोक्सान तथा आय व्यय हिसाब र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।
४.१.३ आर्थिक वर्ष २०७६/७७ का लागि लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४.१.४ संचालक समितिबाट समूह (क) अन्तर्गत रिक्त एक संचालक पदको बाकी कार्यकालका लागि गरिएको नियूक्तीको अनूमोदन गर्ने ।
४.१.५ समूह (क) अन्तर्गत संस्थापक शेयरधनीहरुबाट ४ जना प्रतिनिधि संचालक निर्वाचन गर्ने ।

४.२. **विशेष प्रस्ताव :**
४.२.१ कम्पनीको संस्थापक शेयरधनीहरुको समूहमा ८०% शेयर स्वामित्व रहेकोमा उक्त शेयर स्वामित्वमा २०% घटाई ६०% कायम राखी सर्वसाधारण समूहमा २० रहेकोमा सो २०% बाट बढाई ४०% मा कायम राखी शेयर स्वामित्वमा परिणत गर्ने ।

४.२.२ विशेष प्रस्ताव नं. १ अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संचालक समितिको प्रस्ताव पारित गर्ने ।

४.२.३ कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने । कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायबाट कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव पारित गर्ने ।

४.३. विविध ।

५. उपस्थिति :

५.१ संचालकहरुको तर्फबाट

| | | |
|---|---|---|
| १. | श्री श्रवण कुमार अग्रवाल | अध्यक्ष |
| २. | श्री विशाल अग्रवाल | संचालक |
| ३. | श्री अमित अग्रवाल | संचालक |
| ४. | श्री अर्पित अग्रवाल | संचालक |
| ५. | श्री अनिता टण्डन | संचालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |

५.२ व्यवस्थापनको तर्फबाट

| | | |
|---|---|---|
| १. | श्री वीरकृष्ण महर्जन | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री आनन्द बाबु खड्का | कम्पनी सचिव |
| ३. | श्री निरोज कोइराला | प्रवन्धक- वित्त |

६. गणपुरक संख्या :

| विवरण | शेयरधनी संख्या | शेयर संख्या | प्रतिशत |
|---|---|---|---|
| स्वयं उपस्थित | ५ | ५,७४,४७९ | ८.९५ |
| प्रोक्सीबाट | ३५ | ३५२०८८७ | ५४.८८ |
| जम्मा प्रतिनिधित्व | | | |
| जम्मा शेयर संख्या | ४० | ४०,९५३६६ | ६३.८३ |

७. सभा संचालन तथा सभाको वैधानिकता:

७.१ सभाको संचालन:

सभामा सहभागी हुने शेयरधनी महानुभावहरु, संचालकज्यूहरु, पदाधिकारीज्यूहरु, एवं आमन्त्रित गन्यमान्य व्यक्तिहरुलाई कम्पनीका तर्फबाट स्वागत तथा अभिवादन गर्दै मर्यादाक्रम अनुसार आशन ग्रहणका लागि कम्पनीका कम्पनी सचिव श्री आनन्द बाबु खड्काले अनुरोध गर्नु भयो ।

७.२ **सभाको बैधानिकता:**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ तथा कम्पनीको नियमावलीको नियम ४.३ अनुसार कम्पनीको अठारौं वार्षिक साधारणसभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा २ बमोजिम कम्पनीको कुल चुक्ता पूंजीको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित हुनु पर्नेमा ६३.८३ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी जम्मा ४० जना शेयरधनीहरु उपस्थित भइसक्नु भएकोले कानूनत: सभामा गणपुरक संख्याको उपस्थिति भई सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनीका कम्पनी सचिव श्री आनन्द बाबु खड्काले सभालाई जानकारी गराउनु भयो ।

८. **सभाको सभापतित्व:**

सभाको वैधानिकता घोषणा पश्चात् वार्षिक साधारणसभाको सभापतित्व गर्नका लागि कम्पनीका कम्पनी सचिव श्री आनन्द बाबु खड्काले संचालक समितिका अध्यक्ष श्री श्रवण कुमार अग्रवालज्यूलाई अनुरोध गर्नु भयो । सो पश्चात अध्यक्ष श्री श्रवण कुमार अग्रवालज्यूले सभाको सभापतित्व ग्रहण गरी सभाको विधिवत् उद्घाटन गर्नुभयो ।

९. **संचालक समितिका तर्फबाट अठारौं बार्षिक प्रतिवेदन प्रस्तुति :**

सभाको पुर्व निर्धारित छलफलको बिषय नं. १ को प्रस्ताव अनुसार सभाको सभापतित्व गर्नु भएका संचालक समितिका अध्यक्ष श्री श्रवण कुमार अग्रवालज्यूले संचालक समितिको तर्फवाट आ. व. २०७५/७६ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

१०. **छलफलका लागि आव्हान :**

आ. व. २०७५/७६ को अठारौं वार्षिक साधारण सभामा वार्षिक प्रतिवेदन पेश भए पश्चात् उक्त प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०७५/७६ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह बिवरण उपर छलफल गर्न सभापतिको अनुमति लिई कम्पनी सचिवले सभामा उपस्थित इच्छुक शेयरधनी महानुभावहरुलाई आव्हान गर्नुभयो ।

सभाको छलफलमा संस्थापक शेयरधनी श्री सुमित अग्रवालज्यूले पत्र मार्फत कम्पनीले समिक्षा अवधिमा कुनै लाभांश वितरण गर्न नसक्नुको कारण वारे सोध्नु भएको पशनमा कम्पनीका संचालक समितिका अध्यक्ष श्री श्रवण कुमार अग्रवालज्यूबाट यस आ.ब.मा NFRS अनुसार वित्तीय विवरण तयार गर्दा बीमांकीय मूल्यांकन अनुसार विभिन्न जगेडाहरुको व्यवस्था गर्नु परेको कारणले शेयरधनीहरुलाई लाभांश वितरण गर्न नसकिएको व्यहोराको जानकारी गराउनु भयो ।

त्यसैगरि, सोही पत्रमार्फत श्री सुमित अग्रवालज्युले कम्पनीको संस्थापक समूहको शेयर स्वामित्व ५१ प्रतिशत र सर्वसाधारण शेयरधनीहरुको स्वामित्व ४९ प्रतिशतमा लैजानु आवश्यक भएको र अन्य उपयुक्त निर्जीवन बीमा कम्पनीसंग कम्पनी गाभ्ने/गाभिने सम्वन्धमा समेत साधारण सभाको ध्यानाकर्षण गराउनुभयो ।

११. सभाको निर्णयहरु :

११.१ **संचालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।**

संचालक समितिका तर्फबाट अध्यक्ष श्री श्रवण कुमार अग्रवालज्यूले प्रस्तुत गर्नुभएको कम्पनीको आ.व. २०७५/७६ को बार्षिक प्रतिवेदन सर्वसम्मतीबाट पारित भयो ।

११.२ **कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहित आषाढ ३१, २०७६ को वासलात तथा आर्थिक बर्ष २०७५/७६ को नाफा नोक्सान हिसाब, आय व्यय हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय बिबरणहरु सम्बन्धमा ।**

कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०७५/७६ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सर्वसम्मतीबाट पारित भयो ।

११.३ **आर्थिक बर्ष २०७६/७७ को लागि कम्पनीको लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

कम्पनीको आर्थिक बर्ष २०७६/७७ को लेखापरिक्षणको लागि श्री वि.के. अग्रवाल एण्ड कम्पनी (चार्टड एकाउन्टेन्टस्) लाई निम्न पारिश्रमिक दिने गरी नियुक्ति गर्ने निर्णय गरियो ।

| क्र. सं. | शुल्क | २०७७/७८ (वार्षिक रु.) |
|---|---|---|
| १. | लेखापरिक्षण | २,१५,०००।०० |
| २. | कर लेखापरिक्षण | ५०,०००।०० |
| ३. | विस्तृत लेखापरिक्षण प्रतिवेदन | १७,५००।०० |
| ४. | दफा ७८ प्रमाणित शुल्क | १७,५००।०० |
| | **जम्मा** | ३,००,०००।०० |

११.४ **संचालक समितिबाट समूह (क) अन्तर्गत रिक्त एक संचालक पदको बांकी कार्यकालका लागि गरिएको नियूक्तीको अनूमोदन गर्ने ।**

सञ्चालक समितिबाट समूह (क) अन्तर्गत रिक्त एक संचालक पदको बांकी कार्यकालको लागि नियुक्त हुनु भएका श्री अर्पित अग्रवालज्यूको नियुक्ती सर्वसम्मतीबाट अनुमोदन गरियो ।

११.५ **समूह (क) अन्तर्गत संस्थापक शेयरधनीहरुबाट ४ जना प्रतिनिधि संचालक निर्वाचन गर्ने सम्बन्धमा ।**

निर्वाचन अधिकृत श्री विजय लाल ठाकुरज्यूले समूह (क) अन्तर्गत संस्थापक शेयरधनीहरुको तर्फबाट श्री विशाल अग्रवाल, श्री अमित अग्रवाल, श्री अर्पित अग्रवाल र श्री पुजा इन्टरनेशनल नेपाल प्रा.लि. का तर्फबाट प्रतिनिधि श्री विवेक विजुक्छेलाई संचालक पदमा अर्को ४ वर्षका लागि निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो । नवनिर्वाचित संचालकज्यूहरुद्वारा संचालक पदमा निर्विरोध निर्वाचित हुनु भएको प्रमाणपत्र ग्रहण गर्नुका साथै संचालकको हैसियतले राख्नु पर्ने गोप्यता र इमान्दारीताको शपथ लिईयो ।

११.६ कम्पनीको संस्थापक शेयरधनीहरुको समूहमा ८०% शेयर स्वामित्व रहेकोमा उक्त शेयर स्वामित्वमा २०% घटाई ६०% कायम राखी सर्वसाधारण समूहमा २० रहेकोमा सो २०% बाट बढाई ४०% मा कायम राखी शेयर स्वामित्वमा परिणत गर्ने ।

कम्पनीको संस्थापक शेयरधनीहरुको समूहमा ८०% शेयर स्वामित्व रहेकोमा उक्त शेयर स्वामित्वमा २०% घटाई ६०% कायम राखी सर्वसाधारण समूहमा २० रहेकोमा सो २०% बाट बढाई ४०% मा कायम राखी शेयर स्वामित्वमा परिणत गर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

११.७ विशेष प्रस्ताव नं. १ अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संचालक समितिको प्रस्ताव पारित गर्ने ।

विशेष प्रस्ताव नं. १ अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संचालक समितिको प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

११.८ कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने । कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायबाट कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव पारित गर्ने ।

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने लगायत कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायबाट कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

१२. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

सभाका सभापति श्री श्रवण कुमार अग्रवालज्यूले अठारौं वार्षिक साधारण सभामा सहभागी भई सभा सफलतापूर्वक संचालन गर्न सहयोग पुऱ्याउनु भएका शेयरधनी महानुभावहरु, बुद्धिजीवी तथा विशिष्ट अतिथिहरु लगायत कर्मचारीहरुलाई धन्यवाद दिनु हुदैं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

आनन्द बाबु खड्का
कम्पनी सचिव

प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लि.
काठमाण्डौं
२०५९

श्रवण कुमार अग्रवाल
अध्यक्ष